# शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

सााल्दाङ, डोल्पा

कर्णाली प्रदेश,नेपाल


## <u>प्रेस विज्ञप्ती</u>

*मितिः २०८३/०५/१४ गते*

मिति २०८३ साल भाद्र १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढी तथा त्यसबाट रसुवा, नुवाकोट, धादिङ, चितवनलगायतका जिल्लाहरूमा भएको ठूलो मानवीय तथा भौतिक क्षतिप्रति शे–फोक्सुण्डो गाउँपालिका, डोल्पा गहिरो दुःख व्यक्त गर्दछ।

उक्त प्राकृतिक महाविपद्का कारण प्रभावित नागरिकहरूको जीवनमा परेको पीडा, घरपरिवार तथा सार्वजनिक एवं निजी संरचनामा भएको क्षति र जनजीवनमा उत्पन्न कठिन परिस्थितिप्रति गाउँपालिका अत्यन्त संवेदनशील रहेको छ। विपद्को यस दुःखद घडीमा प्रभावित नागरिकहरूको तत्काल उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण कार्यमा सहयोग पुगोस् भन्ने उद्देश्यले शे–फोक्सुण्डो गाउँपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु.१,५०,०००।— **(अक्षरेपीः एक लाख पचास हजार रुपैयाँ मात्र)** सहयोग रकम उपलब्ध गराउने निर्णय गरेको छ।

साथै, विपद्को यस कठिन घडीमा नेपाल सरकार, प्रदेश सरकारहरु, सम्बन्धित स्थानीय तह, सुरक्षा निकाय, गैरसरकारी संघ-संस्था, निजी क्षेत्र, नागरिक समाज तथा सम्पूर्ण सहयोगी हातहरूलाई प्रभावित नागरिकहरूको उद्धार तथा राहत कार्यमा आवश्यक सहयोग, समन्वय र सहकार्यका लागि गाउँपालिका हार्दिक अपिल गर्दछ।

शे–फोक्सुण्डो गाउँपालिका विपद् बाट प्रभावित सम्पूर्ण नागरिकहरूप्रति हार्दिक सहानुभूति तथा ऐक्यबद्धता प्रकट गर्दै सो महाविपत्तिबाट ज्यान गुमाउनुहुने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ। साथै, घाइते तथा प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभ र सुरक्षित पुनर्स्थापनाको कामना गर्दछ।

**"विपद्को पीडामा हातेमालो गरौं, मानवीय सेवामा ऐक्यबद्ध बनौं**
**प्रभावित नागरिकको उद्धार र पुनर्स्थापनामा भरपूर सहयोग गरौं"**

**सुमन ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**

शे-फोक्सुण्डो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

**घावा सम्डुक गुरुङ**
**अध्यक्ष**



फोन नं. ९८५८३९०११६ / Email: ito.shephoksundomun1@gmail.com/ Website: www.shephoksundomun.gov.np